# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ७** **संख्या ६** **मिति २०८०/०५/२८**


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग २

### ग्रामिण अल्ट्रा साउन्ड कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०५/२६

**प्रस्तावनाः** पालुङटार नगरपालिका क्षेत्रभित्रमा अल्ट्रा साउडको सहायताले गर्भवती महिलाहरुको समयमै जटिलता पहिचान गर्ने, गर्भमा रहेको शिशुको अवस्था पहिचान गर्ने तथा मातृ तथा नवजात शिशुको मृत्युदर घटाउने उद्देश्यको लागि कार्यक्रम सञ्चालन गरी सेवा उपलब्ध गराउन बाञ्छनीय भएकोले पालुङ्गटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “ग्रामिण अल्ट्रा साउन्ड कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि पालुङटार नगरपालिका भित्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) “कार्यक्रम” भन्नाले ग्रामिण अल्ट्रा साउन्ड कार्यक्रम सम्झनु पर्दछ ।

(ख) “कार्यक्रम खर्च” भन्नाले लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च सम्झनु पर्दछ ।

(ग) “जिम्मेवार शाखा” भन्नाले नगरपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्दछ ।

(घ) “नगरपालिका” भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) “नगर उप प्रमुख” भन्नाले पालुङटार नगरपालिकाका उप प्रमुख सम्झनु पर्दछ ।

(च) “नगर प्रमुख” भन्नाले पालुङटार नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पालुङटार नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) “प्रसुती केन्द्र” भन्नाले नगरपालिका भित्र रहेका प्रसुती गराउने केन्द्रहरुलाई सम्झनु पर्दछ ।

(झ) “प्रोटोकल” भन्नाले नेपाल सरकारले तोके बमोजिम गर्भवती अवस्थामा ८ पटक र सुत्केरी अवस्थामा ४ पटक चेकजाँच गर्ने कार्य सम्झनु पर्दछ ।

(ञ) “समिति” भन्नाले दफा (४) बमोजिम कार्यक्रम सञ्चालन, अनुगमन, अभिलेख राख्ने समिति सम्झनु पर्दछ ।

**३. उद्देश्य :** ग्रामिण अल्ट्रा साउन्ड कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) अल्ट्रा साउन्डको प्रयोग गरी गर्भमा रहेको शिशुको अवस्था पहिचान गर्ने,

(ख) गर्भवती महिलाको स्वास्थ्य अवस्था चेक जाँच गरी जटिलताको समयमा पहिचान गरी आवश्यक सल्लाह, सुझाव र निर्देशन दिने,

(ग) गर्भवती महिलाको स्वास्थ्य अवस्था चेक जाँच गर्दा गर्भवस्थाको जटिलता पत्ता लगाई समयमा नै माथिल्लो तहको सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थामा प्रेषण गरी जटिलताको व्यवस्थापन गरी मातृ तथा नवजात शिशु मृत्युदर घटाउने ।

## परिच्छेद २

## कार्यान्वयन संरचना र क्रियाकलाप

**४. कार्यक्रम कार्यान्वयन तथा अनुगमनका लागि संरचनात्मक व्यवस्था :** (१) पालुङटार नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने ग्रामिण अल्ट्रा साउन्ड कार्यक्रम सञ्चालनको योजना तर्जुमा, सञ्चालन एवं व्यवस्थापन र अनुगमन गरी कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि देहाय बमोजिमको एक समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) नगर उप प्रमुख | - | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | - | सदस्य |
| (घ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | - | सदस्य |
| (ङ) स्वास्थ्य शाखाले तोकेको १ जना कर्मचारी | - | सदस्य |
| (च) स्वास्थ्य शाखा प्रमुख | - | सदस्य (सचिव) |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकार :** दफा (४) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने श्रोत व्यवस्थापन साथै कार्यक्रमको अनुगमन गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको सिलसिलामा नगर प्रमुख लगायत अन्य संघ संस्थाहरुसँग आवश्यक समन्वय गर्ने,

(ग) कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक देखिएमा उपयुक्त प्रक्रिया एवं कार्यविधि तय गर्ने तथा आवश्यकता अनुसार नीतिगत निर्णयहरु गराउन समन्वय गर्ने,

(घ) कार्यक्रमको पहिचान, प्राथमिकिकरण तथा तर्जुमा गर्ने, नगर सभाबाट स्वीकृत क्षेत्रगत वजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन आधार तथा प्रक्रिया

६. **कार्यक्रम सञ्चालन आधार :** (१) पालुङटार नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था वा प्रसुती केन्द्रमा गर्भवती चेक जाँच सेवा लिँदै आएका महिलाहरु भौगोलिक जटिलताले गर्दा भिडियो एक्स रे सेवाको पहुँचबाट टाढा भएका गर्भवती महिलाहरुलाई यस कार्यक्रम मार्फत सेवा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमको आवश्यकता, प्रभावकारिता र कार्यान्वयन प्रक्रियालाई मध्यनजर राखी कार्यक्रम सञ्चालनका आधारमा थपघट गर्न सकिनेछ ।

७. **कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) गर्भवती चेक जाँच गराइ रहेका महिलाहरुको आवश्यकता पहिचान  गरी कार्यक्रम सञ्चालन गर्ने स्थान छनोट गरिनेछ ।

(२) कार्यक्रम सञ्चालन गर्दा ग्रामिण अल्ट्रा साउन्ड तालिम प्राप्त स्वास्थ्यकर्मी परिचालन गरी स्वाथ्य संस्थामा गर्भवती जाँचका समयमा निःशुल्क अल्ट्रा साउन्ड सेवा उपलब्ध गराइनेछ ।

(३) ग्रामिण अल्ट्रा साउन्ड कार्यक्रम शाखाबाट कार्यतालिका बनाई १० वटै वडामा तोकिएको मिति र  निश्चित  स्थानमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमको प्रभावकारिता र बजेटको परिधिको आधारमा थपघट गर्न सकिनेछ ।

(५) कार्यक्रम सञ्चालनको लागि ग्रामिण अल्ट्रा साउन्ड तालिम प्राप्त स्वस्थ्यकर्मीलाई कार्यक्रमको सम्पर्क व्यक्तिको रुपमा तोकिनेछ ।

(६) कार्यक्रमबाट सेवा लिने गर्भवती महिलाहरुको विवरण सेवा उपलब्ध गराउने स्वस्थ्यकर्मीले अनुसूची १ बमोजिमको सेवा रजिष्ट्रर र अनुसूची २ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ ।

८. **आवश्यक सामाग्री खरिद :** कार्यक्रम सञ्चालनको लागि आवश्यक उपकरण, सामाग्री प्रचलित ऐन कानून अनुसार शाखाले आवश्यकताको आधारमा खरिद गर्न सक्नेछ ।

## परिच्छेद ४
## विविध

९. **भत्ताको व्यवस्था :** ग्रामिण अल्ट्रा साउन्ड गर्ने स्वास्थ्यकर्मीले दैनिक रु १५००।- का दरले र सहयोगी कर्मचारले दैनिक रु १०००।- का दरले भ्रमण भत्ता पाउने छन् ।

१०. **अभिलेख राख्नु पर्ने :** (१) यस कार्यक्रम बमोजिम सेवा लिने सेवाग्राहीहरुको अभिलेख राख्ने प्रमुख जिम्मेवारी यस कार्यक्रमको लागि तोकिएको सर्म्पक व्यक्तिको हुनेछ ।

(२) उपदफा १ बमोजिमको अभिलेख कार्यक्रम सम्पन्न भएको मितिले १५ दिन भित्र स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ ।

११. **प्रतिवेदन पेश गर्नु पर्ने :** (१) कार्यक्रमको प्रतिवेदन ग्रामिण अल्ट्रा साउन्ड तालिम प्राप्त स्वास्थ्यकर्मीले चौमासिक रुपमा स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ । स्वास्थ्य शाखामा प्राप्त उक्त प्रतिवेदन शाखाले कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

१२. **खर्च र लेखा परीक्षण :** (१) कार्यक्रमको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कार्यक्रमको आयव्ययको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हुनेछ ।

(३) कार्यक्रमको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१३. **व्याख्या, संशोधन र खारेजी :** यस कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

**१४. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएको हकमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

# अनुसूची १
## (दफा ७ को उपदफा ६ सँग सम्बन्धित)

| SN | Basic information | Women and pregnancy | First Trimester | Status | Second trimester | Third trimester | Othervisit 1 | Othervisit 2 | Othervisit 3 | complication | Refer | Refer | Cause of refer | cause of refer |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| | MR no | | Scan Date — DD/MM/YYYY | Scan date | DD/MM/YYYY | DD/MM/YYYY | DD/MM/YYYY | DD/MM/YYYY | DD/MM/YYYY | | | | | |
| | | | Period of gestation | Period of gestation | | | | | | | | | | |
| | | | Ectopic pregnancy — Yes — 1 | Bi-Parietal Diameter | | | | | | | | | | |
| | SR No | | No — 2 | Head Circumference | | | | | | | | | | |
| | | | | Abdoomen Circumference | | | | | | | | | | |
| | Caste code | | Number of gestational sac | Femur Length | | | | | | | | | | |
| | | | Cardiac activity — +ve | Presentation — Vertex | | 1 | 1 | 1 | 1 | | | | | |
| | Age | | -ve | Breech | | 2 | 2 | 2 | 2 | | | | | |
| | | | Crown Rump Length | transver se lie | | 3 | 3 | 3 | 3 | | | | | |
| | Contact no | Gravida | Retained product of conception (abortion) | Fetal Heart Sound | | | | | | | | | | |
| | | | | Fetal Weight | | | | | | | | | | |
| | Palika name | Para | Fetus — Live — 1 | Fetus — Live | 1 | 1 | 1 | 1 | 1 | | | | | |
| | | | Dead — 2 | Dead | 2 | 2 | 2 | 2 | 2 | | | | | |
| | Ward no | LMP | Location of Placenta | Length of cervix | | | | | | | | | | |
| | | DD/MM/YYYY | | Retained product of conception | 1 | | 1 | 1 | 1 | | | | | |
| | Village/tole | EDD | Hydatidiform (Molar pregnancy) — 1 | Location of Placenta | | | | | | | | | | |
| | | DD/MM/YYYY | Refer — 1 | Polyhydraminous | 1 | 1 | 1 | 1 | 1 | | | | | |
| | | | Refer to… | Oligohydraminous | 1 | 1 | 1 | 1 | 1 | | | | | |
| | | | Cause of refer | Hydatidiform (Molar pregnancy) | 1 | 1 | 1 | 1 | 1 | | | | | |
| | | | | Placenta Previa | 1 | 1 | 1 | 1 | 1 | | | | | |
| | | | Outcome of referred patients | Abruption Placenta | 1 | 1 | 1 | 1 | 1 | | | | | |
| | | | | Fetal abnormalities | 1 | 1 | 1 | 1 | 1 | | | | | |
| | | | | Number of fetus | | | | | | | | | | |

## अनुसूची २

## (दफा ७ को उपदफा ६ सँग सम्बन्धित)

# Monthly Report of Antenatal Rural Ultrasound (USG)

| Description | | | ward number of HF/mobile camp | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| fndings/Classification of scan cases in number | first trimester | Total scan cases | | | | | | | | | | | |
| | | Ectopic pregnancy | | | | | | | | | | | |
| | | Multiple pregnancy | | | | | | | | | | | |
| | | Cardiac pregnancy | | | | | | | | | | | |
| | | Retained product of conception ( abortion) | | | | | | | | | | | |
| | | Fetal death | | | | | | | | | | | |
| | | Hydatidiform ( molar pregnancy ) | | | | | | | | | | | |
| | | Refer | | | | | | | | | | | |
| | second trimister | Total scan cases | | | | | | | | | | | |
| | | Intra-uterine fetal Death | | | | | | | | | | | |
| | | Retained product of conception (abortion) | | | | | | | | | | | |
| | | Polyhydraminous | | | | | | | | | | | |
| | | Oligohydraminous | | | | | | | | | | | |
| | | Hydatidiform (Molar pregnancy) | | | | | | | | | | | |
| | | Placenta previa | | | | | | | | | | | |
| | | Fetal abnormalities | | | | | | | | | | | |
| | | Multiple pregnancy | | | | | | | | | | | |
| | | Refer | | | | | | | | | | | |
| | third trimister | Total scan cases | | | | | | | | | | | |
| | | Presentation -Vertex | | | | | | | | | | | |
| | | Presentati0n –Breech | | | | | | | | | | | |
| | | Presentation - Transverse | | | | | | | | | | | |
| | | Intra – uterine fetal Death | | | | | | | | | | | |
| | | Retained product of conception (abortion) | | | | | | | | | | | |
| | | Polyhydraminous | | | | | | | | | | | |
| | | Oligohydraminous | | | | | | | | | | | |
| | | Hydatidiform (Molar pregnancy) | | | | | | | | | | | |
| | | Placenta previa | | | | | | | | | | | |
| | | Abruption placenta | | | | | | | | | | | |
| | | Fetal abnormalities | | | | | | | | | | | |
| | | Multiple pregnancy | | | | | | | | | | | |
| | | Refer | | | | | | | | | | | |
| other complication | | | | | | | | | | | | | |
| Total scan cases | | | | | | | | | | | | | |
| Total new cases | | | | | | | | | | | | | |
| Total Repeated cases | | | | | | | | | | | | | |
| Total refer cases | | | | | | | | | | | | | |

| refer cases | details of refer cases | refer case 1 | refer case 2 | refer case 3 | refer case 4 | refer case 5 | |
|---|---|---|---|---|---|---|---|
| | Refer to<br><br>Cause to refer | | | | | | |
| | Outcome of refer case | | | | | | |

Prepared by:
Name:
Designation:
Date:

Verified by:
Name:
Designation:
Date:

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत